# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं, मंसीर २७ गते २०३६ साल [ अतिरिक्ताङ्क ४६

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको

### सूचना

विभूषण (उन्नाईसौं संशोधन) नियमावली, २०३६

विभूषण नियमावली, २०२३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट देहायबमोजिमको नियमावली स्वीकृत गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमावलीको नाम "विभूषण (उन्नाईसौं संशोधन) नियमावली, २०३६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. विभूषण नियमावली, २०२३ को नियम ६ मा संशोधनः विभूषण नियमावली, २०२३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छः–

"(१) नेपाल ताराका मानपदवीहरू राजपरिवारलाई तथा युद्ध वा शान्तिकालमा नेपाल अधिराज्यको रक्षणार्थ सराहनीय कार्य गर्ने वा अन्तर्राष्ट्रिय शान्ति

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८६३

स्थापनार्थ युद्धसम्बन्धी कार्य गर्ने शाही नेपाली सेनालाई र यस्तै आफ्नो ज्यू ज्यानको परवाह नराखी प्रशंसनीय कार्य गर्ने नेपाली नागरिकलाईसमेत प्रदान हुन सक्नेछ। शाही नेपाली सेनासंग सम्मिलित भै युद्धसम्बन्धी सराहनीय कार्य गर्ने अन्य राज्यका सैनिक अधिकृतलाई पनि यी मानपदवीहरू प्रदान हुन सक्नेछ।"

३. मूल नियमावलीको नियम ५१ मा संशोधन: मूल नियमावलीको नियम ५१ को सट्टा देहायको नियम ५१ राखिएको छ :–

"५१. दुर्गम सेवा पदक : (१) यो पदक उप-नियम (३) मा तोकिएको दुर्गम स्थान खटिएर गै अविछिन्न वा पटक पटक गरी ६ महीना सेवा अवधि पूरा गर्ने कुनै पनि शाही नेपाली सेना, नेपाल प्रहरी एवं श्री ५ को सरकारका कर्मचारीलाई प्रदान हुन सक्नेछ। यस्तो पदक प्राप्त गर्ने कर्मचारी सो अवधिमा बात कसूर नलागेको हुनु पर्नेछ।

(२) श्री ५ को सरकारको निर्णयानुसार दुर्गम स्थानमा गई कठिनाइको परवाह नगरी आफूलाई ठेकिएको विशेष महत्वपूर्ण काम सम्पन्न गर्ने शाही नेपाली सेना, नेपाल प्रहरी एवं श्री ५ को सरकारका कर्मचारीलाई दुर्गम सेवा पदक प्रदान हुन सक्नेछ। यस्ता कर्मचारीलाई सेवा अवधिको हद लाग्ने छैन।

(३) उप-नियम (१) र (२) को प्रयोजनको लागि विभिन्न अञ्चल एवं जिल्लाअन्तर्गतका स्थानहरूलाई दुर्गम स्थान भनी समय समयमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको स्थानहरू हुनेछ।

(४) यो पदकको बनौट तथा आकार प्रकार परिशिष्ट ४ अनुसूची ६ मा उल्लेख भएबमोजिम हुनेछ।"

४. रूपान्तर: मूल नियमावलीमा "शाही सैनिक" भन्ने शब्दहरू प्रयोग भएका ठाउँहरूमा त्यसको सट्टा "शाही नेपाली सेना" भन्ने शब्दहरू राखिएका छन्।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

४५८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।